म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- ३२ २०८१ पुस ४ गते बिहीबार 19 December 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-


## दोस्रो कमाने महोत्सव पुस ११ गतेबाट

हेटौंडाः हेटौंडा-८, कमानेमा दोस्रो कमाने महोत्सव हुने भएको छ। यही पुस ११ गतेदेखि १३ गते ३ दिनसम्म कमाने महोत्सव हुने भएको हो। बुधबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै महोत्सवका आर्थिक संयोजक प्रवेश पोखरेलले "स्थानीय पर्यटन, स्थानीय सँस्कृतिक प्रवर्द्धन, स्थानीय व्यापार प्रदर्शनलाई मूल नारा बनाएर वडा भित्र रहेका स्थानीय कला संस्कृति पहिचान र व्यापार, व्यवसाय प्रदर्शनीका लागि महोत्सवको आयोजना गर्न लागेको जानकारी दिनुभएको छ। कमानेका १९ वटा टोल विकास संस्थाका पदाधिकारी एवम सदस्यहरुले वडाबाट लिएको तालिम तथा सीपलाई सदुपयोग गर्दै सानो उद्योग तथा महिला उद्यमीहरुको उत्पादनलाई बजारीकरण गर्न लागिएको संयोजक पोखरेलले बताउनुभयो। वडा भित्र रहेका विभिन्न सीप तथा व्यवसायहरुको पहिचान गराउने, महिला आमा समुहहरुले उत्पादन गरेका आफ्ना उत्पादन प्रदर्शन गराउने, विभिन्न समयमा हेटौँडा उपमहानगरपालिका बाट प्राप्त कृषि खेति तालिमहरुबाट सिकेको सीपलाई आफ्नो आय आर्जनमा परिवर्तन गर्न महोत्सवको आयोजना गरिएको हो।

# बालमैत्री वडाबाट ५ बालश्रमिकको उद्धार

समाज संवाददाता

हेटौंडाः बालमैत्री घोषणा भइसकेको हेटौँडा-४ र हेटौँडा-१० बाट ५ बालश्रमिकको उद्धार गरिएको छ। बुधबार नगर बाल अधिकार समिति अन्तर्गतको बालश्रमिक उद्धार तथा पुनर्स्थापना उपसमितिले हेटौंडा बजारक्षेत्रको अनुगमन गर्ने क्रममा हेटौंडा-१० स्थित एक मोटरसाइकल वर्कसप र हेटौँडा-४ स्थित ३ वटा मोटरसाइकल वर्कसपबाट ५ जना बालकको उद्धार गरिएको बालमैत्री नगर सहजकर्ता सपना ढुंगानाले जानकारी दिनुभएको छ।

हेटौंडा-१०, मेनरोडस्थित आर एण्ड आर ट्रेडर्स, हेटौंडा-४ मेनरोडस्थित विश्वकर्मा वर्कसप, थाहामार्गस्थित न्यू आशिका मेकानिकल वर्कसपबाट एक एकजना बालकको उद्धार गरिएको छ भने हेटौंडा-४, थाहा मार्गस्थित न्यू विश्वकर्मा मोटर वर्कसपबाट २ जना बालकको उद्धार गरिएको छ। उद्धार गरिएका बालकहरुलाई सिविन बालहेल्पलाइनको बालगृहमा राखिएको छ।

२ नम्बर वडा सदस्य, अनुगमन समिति संयोजक तथा नगर बाल अधिकार समितिका सदस्य सुरज बर्तौला, श्रम तथा रोजगार कार्यालय हेटौँडाका प्रमुख रुद्र नारायण साह र अनित रसाईली, जिल्ला प्रशासन कार्यालय मकवानपुरका दीपक पौडेल, जिल्ला प्रहरी कार्यालयकी लालमाया बाईवा, सिबिन बाल हेल्पलाईनका प्रबन्धक झविन्द्र ज्ञवाली, बालमैत्री नगर सहजकर्ता सपना ढुंगानाको समूहले अनुगमन गरेको हो।

अनुगमन टोलीले श्रममा सहभागी बालकहरुलाई उद्धार गरी बालश्रम दुरुपयोग गर्नेलाई बालकका अभिभावकलाई झिकाउन निर्देशन दिएको छ। श्रममा संलग्न बालकलाई अभिभावकको जिम्मा लगाउनुका साथै रोजगारदातालाई जरिवाना तिराइनेछ। उद्धार गरिएका बालकहरुलाई परिवारमा पुनर्स्थापना गरिने बालमैत्री नगर सहजकर्ता ढुंगानाले जानकारी दिनुभएको छ। अनुगमन टोलीले १३ वर्ष र १४ वर्षका दुई जना बालक र १५ वर्षका तीनजना बालकलाई उद्धार गरिएको छ। उद्धार गरिएका मध्ये एकजना पर्सा जिल्लाका छन् भने अन्य ४ जना भारतीय हुन्।

# स्वायत्त पाठ्यक्रम तयार गर्दै मकवानपुर क्याम्पस

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले स्नातक तहमा स्वायत्त पाठ्यक्रम निर्माण गर्न आवश्यक तयारी सुरु गरेको छ। समयसापेक्ष, रोजगारीको अवसरलाई विश्लेषण गरेर उपयुक्त पाठ्यक्रम तयारीका लागि क्याम्पसले प्रक्रिया अगाडि बढाएको हो। स्वायत्त पाठ्यक्रम निर्माणका लागि क्याम्पसले सरोकारवालासँग कार्यशाला आयोजना गरेको छ।

मंगलबार मकवानपुर जिल्लाका गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागितामा स्नातक तहको स्वायत्त पाठ्यक्रम निर्माणसम्बन्धमा कार्यशालाको आयोजना गरेको हो। विश्वविद्यालय अनुदान आयोगको सहयोगमा मकवानपुर बहुमुखी क्याम्पसले स्वायत्त पाठ्यक्रम निर्माणको तयारी गरेको हो। मकवानपुर बहुमुखी क्याम्पसका सहप्राध्यापक केशवप्रसाद तिमल्सिनाको संयोजकत्वमा स्वायत्त पाठ्यक्रम निर्माण समन्वय समिति नै गठन गरिएको छ।

कार्यशालामा सहभागी गैससकर्मीले स्नातक, स्नात्तकोत्तर तहको अध्ययन पूरा गरे पनि त्यस्ता विद्यार्थीमा कम्प्युटर सम्बन्धी सीप, वैठकको माइन्युट लेख्ने प्रक्रिया, कार्यक्रम सञ्चालनको क्षमता नहुँदा काम गर्ने अवसर प्रदान गर्न कठिनाई भइरहेको बताउँदै सैद्धान्तिक एवम् विषयगत ज्ञानसँगै प्रयोगात्मक पक्षमा पनि सक्षमता जरुरी रहेको औंल्याएका थिए। शून्यबाट सिकाउनु पर्ने, सिकेको केही समयमै जिम्मेवारी छाड्ने अवस्थाले समस्या भइरहेको गैससकर्मीको भनाइ थियो। टिक्ने, बिक्ने जनशक्ति आवश्यक रहेको गैससकर्मीले बताए।

मकवानपुर क्याम्पसले रोजगारीको सम्भावना रहेको क्षेत्रका सरोकारवालासँग नियमित अन्तरक्रिया र आवश्यक सल्लाह, सुझाव लिने प्रयास गर्ने संयोजक तिमल्सिनाले जानकारी दिनुभयो। मकवानपुर क्याम्पसले छिट्टै सामुदायिक र निजी विद्यालयका पदाधिकारी, स्थानीय सरकारका प्रमुख, उद्योगी, व्यवसायी अफिसर्स क्लब क्लबसँग समेत छलफल गरी उपयुक्त पाठ्यक्रम तयार पारिदने बताइएको छ।





सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community


# जिससद्वारा १३ बिधाका २४ जनालाई सम्मान

समाज संवाददाता

हेटौंडाः जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले १३ बिधाका २४ जनालाई सम्मान गरेको छ। जिससले बुधबार वार्षिक समीक्षा कार्यक्रममा विभिन्न व्यक्ति तथा संघसंस्थालाई सम्मान गरेको हो।

सम्मानित हुनेमा पत्रकार, पालिका, सहकारी, समाजसेवी, खेलाडी, मेलमिलापकर्ता, स्वास्थ्य स्वयम्सेविका, सामुदायिक वन उपभोक्त समूह, कृषक समूह र उत्कृष्ट कर्मचारी छन्। जिसस मकवानपुरले सहकारीतर्फ बागमती गाउँपालिका–५, भार्लेनीस्थित दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडलाई सम्मान गरेको छ। गैरसरकारी संस्थातर्फ हेटौंडा–५ स्थित मकवानपुर पोजेटिभ समूहलाई सम्मान गरिएको छ।

कर्मचारीतर्फ इन्द्रसरोवर गाउँपालिकाका सूचना प्रविधि अधिकृत राजन खतिवडा र जिसस मकवानपुरकी सबइन्जिनियर पूजा यादवलाई सम्मान गरिएको छ। समाजसेवातर्फ हेटौंडा–११ स्थित मामाघर नेपालका अर्पण पराजुली र हिरण्य नेपालकी कल्पना शर्मालाई सम्मानित गरिएको हो।

बक्सिङ खेलाडी सोहन राई तथा उसु र कबड्डी खेलाडी शान्ति थिङलाई पनि सम्मान गरिएको छ। मकवानपुरगढी-४ को मनकामना सामुदायिक वन उपभोक्ता समूहलाई सम्मान गरिएको छ। थाहा नगरपालिका-१ की स्वास्थ्य स्वयम्सेविका सुनमाया गोपाली, राक्सिराङ गाउँपालिका-३ का मेलमिलापकर्ता थलबहादुर थापा मगर सम्मानित भएका छन्।

यस्तै, भीमफेदी गाउँपालिका-१ की शर्मिला महतलाई सम्मान गरिएको छ। एसईई परीक्षामा ७५ दशमलब ७ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालय र ९८ दशमलव ७ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने हेटौंडा-२ स्थित बालजागृति इङ्गलिस सेकेन्डरी बोर्डिङ स्कूललाई सम्मान गरिएको हो। घरेलु तथा साना महिला उद्यमीतर्फ मनहरी गाउँपालिका-७ स्थित अनग्रही सिलाई प्रशिक्षण केन्द्रकी लक्ष्मी प्रजा र हेटौंडा–५ स्थित श्रमजीवी महिला काष्ठकला उद्योगकी विष्णुकुमारी राई सम्मानित भएका छन्।



पत्रकारतर्फ नेपाल टेलिभिजनकी मकवानपुर संवाददाता भावना रिजाल र प्रदेश दैनिकका सम्पादक गणेश दर्पण अधिकारीलाई सम्मान गरिएको छ। बकैया गाउँपालिका-७ का जनजागरण कृषि तथा पशुपालन कृषक समूहलाई सम्मान गरिएको छ। यस्तै, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनको आधारमा उत्कृष्ट पालिकालाई सम्मान गरिएको छ। ७३ दशमलब ५ प्रतिशत अंकसहित प्रथम हुने थाहा नगरपालिका र मनहरी गाउँपालिका, ७१ प्रतिशत अंकसहित द्वितीय हुने हेटौंडा उपमहानगरपालिका तथा ७० दशमलब ५ प्रतिशत अंकसहित तृतीय हुने मकवानपुरगढी र कैलाश गाउँपालिकालाई सम्मान गरिएको हो।

कार्यक्रममा मकवानपुरका १० वटै पालिकाका प्रशासकीय प्रमुख तथा अधिकृत, सरकारी र गैरसरकारी संघसंस्थाहरुबाट गत आर्थिक वर्ष २०८०/८१ मा गरेका कामको विषयमा समीक्षात्मक प्रस्तुतिकरण गरिएको छ। हेटौंडा उपमहानगरपालिका कार्यालयका अधिकृत किरण थापाले गत आर्थिक वर्षमा उपमहानगरले गरेका प्रमुख उपलब्धीहरुबारे प्रस्तुतिकरण गर्नुहुँदै राजस्व संकलनमा समस्या रहेको बताउनुभयो। जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारले कार्यालयद्वारा सञ्चालित मुख्य क्रियाकलापबारे प्रस्तुतिकरण गर्नुहुँदै सहभागितामा कमी, समन्वयमा दोहोरोपन, अधिकारको प्रयोगजस्ता विषयमा समस्या आउने गरेको जानकारी दिनुभयो।

यस्तै, थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले नगरको प्रमुख प्रशासकीय भवन र १२ वटै वडाको आफ्नै भवन निर्माण सम्पन्न गरी कार्यालय सञ्चालन गरिएको बताउनुभयो। उहाँले भौगोलिक अवस्थिति अनुरुप नीति निर्माण तथा कार्यान्वयन, आन्तरिक आयको सबलीकरण गर्दै दिगोपनाजस्ता विषय मुख्य चुनौती रहेको जानकारी दिनुभयो। पशु सेवा कार्यालय मकवानपुरका पशु चिकित्सक बज्रकिशोर ठाकुरले पशुको स्वास्थ्य उपचारमा पशुपालक कृषकलाई पशु स्वास्थ्य सेवा प्रदान गरिँदै आएको बताउनु भयो। पर्याप्त स्रोत साधनको अभावले समस्या झेलिरहेको उहाँको भनाइ छ।

बागमती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओम दर्जीले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको बीचमा प्रभावकारी सञ्चार र सहकार्य हुन नसकेको बताउनुभयो। जनप्रतिनिधि र कर्मचारीबीचको सञ्चार, समन्वय र सकार्यको अभावलगायत समस्या रहेको उहाँको भनाइ छ।

सहरी विकास तथा भवन प्रदेश कार्यालयल हेटौंडाका अधिकृत इन्जिनियर अंकित श्रेष्ठले गत आर्थिक वर्षको वार्षिक भौतिक तथा वित्तीय प्रगति प्रस्तुत गर्नुभयो। उहाँले ९ वटा प्रादेशिक बहुवर्षीय योजना सञ्चालनमा रहेको बताउनुभयो। सडक कालोपत्र, स्ल्याब ढलान, ग्रावेल, ढुंगा छपाई, नाला निर्माण, सहकारी भवन निर्माणजस्ता कार्य सम्पन्न भएको उहाँले जानकारी दिनुभयो। स्थानीय सरकारले स्थानीय तहलाई सहजीकरण गर्न आवश्यक पर्ने संघीय ऐन एवम् कानुन यथाशिघ्र निर्माण गर्न, आन्तरिक स्रोतको अवस्था कमजोर रहेका स्थानीय तहहरुको पहिचान गरी बजेटमा विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिइएको छ।


## हार्दिक बधाई



यस **ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालय**का संस्थापक प्रिन्सीपल आदरणीय **श्यामकुमार बानियाँ** निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्यान्सन) हेटौँडा उपमहानगरपालिका समितिको २०८१ मंसिर ३० गते सम्पन्न **छैठौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशन**बाट उपाध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

**ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालय परिवार**

हेटौँडा-५, पिप्ले

## सम्पादकीय

# स्वतन्त्र पत्रकारिताको धज्जी

नेपाली पत्रकारहरुको छाता संगठनको रुपमा मानिएको नेपाल पत्रकार महासंघको निर्वाचन सम्पन्न भएको छ । प्रत्येक तीन वर्षमा हुने महासंघ निर्वाचन यस वर्ष केही ढिलो गरी सम्पन्न भएको हो । महासंघको सदस्यता शुद्धिकरण अभियानका क्रममा विभिन्न जिल्लामा विवाद भएर पटक-पटक रोकिएको निर्वाचन मंसिर अन्तिममा सम्पन्न भयो । महासंघको जिल्ला, प्रदेश र केन्द्रीय सबै समितिको एकै पटक निर्वाचन सम्पन्न भएको छ । सबै तहको निर्वाचनको परिणाम सार्वजनिक भई पदस्थापन तथा कार्यभार ग्रहणको काम भइरहेको छ । यस पटक पत्रकार महासंघको निर्वाचनको क्रममा देखिएको दलीय हस्तक्षेप र चासोले भने स्वतन्त्र पत्रकारिताको धज्जी उडाएको छ । यसले पत्रकारितालाई दलीय राजनीतिबाट मुक्त गर्न थप चुनौती हुने समेत देखाएको छ ।

स्वतन्त्र पत्रकारिताको दुहाइ दिने अधिकांश पत्रकारहरु कुनै न कुनै राजनीतिक दलहरुसँग आवद्ध रहेको निर्वाचनको क्रममा छताछुल्ल भयो । कुन पत्रकार चुनावी प्रतिस्पर्धामा आयो भन्दा पनि कुन दल निकट पत्रकार चुनावी प्रतिस्पर्धामा उत्रियो भन्ने कुराले महत्व पायो । अझ निर्वाचन परिणामलाई लिएर राजनीतिक नेतृत्व र पत्रकार स्वयम्ले पनि आफ्नो पार्टी निकटको पत्रकार संगठनले सत्तारुढ गठबन्धन वा प्रतिपक्षी गठबन्धनलाई पराजित गरेको भन्दै बधाईको ओइरो लाग्यो । पत्रकार महासंघको चुनावमा पत्रकार नै उम्मेदवार र मतदाता भए पनि कुनै पार्टी निकट पत्रकार विजयी वा पराजित भएको चर्चाले सामाजिक सञ्जालमा व्यापकता पायो । प्रेस चौतारी, प्रेस युनियन, प्रेस सेन्टर, समाजवादी प्रेस संगठन आदि नामबाट अधिकांश पत्रकारहरुको पहिचान बन्यो ।

व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासँगै पत्रकारितालाई पनि राज्य सञ्चालनको महत्वपूर्ण अङ्ग मानिन्छ । राज्यको चौथो अङ्गको रुपमा स्वीकार गरिएको पत्रकारिता दलीय पहिचानबाट मुक्त हुनुपर्छ । कुनै दलसँग आवद्ध भएको पत्रकारले स्वतन्त्र पत्रकारिता गर्न गाह्रो हुन्छ । आफू आवद्ध दलको पक्षपोषणमा पत्रकारिता केन्द्रित हुनसक्छ । निष्पक्ष न्याय सम्पादनका लागि स्वतन्त्र न्यायपालिकाको महत्व भएजस्तै निष्पक्ष समाचार र विचारका लागि स्वतन्त्र पत्रकारिता आवश्यक हुन्छ । स्वतन्त्र पत्रकारिता भए मात्र आम नागरिकले सही सूचना प्राप्त गर्न सक्छन् । पत्रकारको साझा संगठनको रुपमा मानिएको पत्रकार महासंघको निर्वाचनले मुलुकको पत्रकारिता दलगत राजनीतिबाट ग्रस्त रहेको तथ्यलाई छताछुल्ल बनाइदिएको छ । धेरैजसो पत्रकारहरु कुनै न कुनै राजनीतिक दलको भातृ संगठनमा आवद्ध छन् । कतिपय जिल्लामा राजनीतिक दलले पत्रकारलाई कारबाही गरेको निर्णय सार्वजनिक हुनु र राजनीतिक दलहरुले आफ्नो दल निकटको पत्रकारलाई चुनावमा भोट हाल्न अपिल गर्नुले पत्रकारको राजनीतिक संलग्नता पुष्टि गरेको छ ।

पत्रकारितालाई राजनीतिक आस्थासँग जोडेर स्वतन्त्र पत्रकारिता सम्भव हुँदैन । राजनीतिक दल तथा नेतृत्वले दलीय पत्रकारिताको पक्षपोषण गर्नु स्वभाविक भए पनि पत्रकार स्वयम् यसप्रति सचेत हुनु आवश्यक छ । केही पत्रकारले राजनीतिक दल र तिनका नेतृत्वबाट लाभ लिए भन्दैमा आम पत्रकारले स्वतन्त्र पत्रकारिताको मूल्य मान्यतालाई भुल्नु हुँदैन । पत्रकारिता गर्नेहरु राजनीतिक दलका नेता, कार्यकर्ताको रुपमा नभई पत्रकारकै रुपमा चिनिनु पर्छ । पत्रकार राजनीतिक कार्यकर्ताको झुण्डको रुपमा रहेसम्म स्वतन्त्र पत्रकारिताको धज्जी उड्ने निश्चित छ । नेपाल पत्रकार महासंघको नेतृत्व पाउन सफल भएका पत्रकारले मात्रै भए पनि राजनीतिक दलको पहिचान त्यागेर स्वतन्त्र पत्रकारको पहिचान बनाउनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : बौद्धिक र दार्शनिक क्रियाकलापमा सरिक भइने छ । |
| **वृष** | : परिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो हुन्छ । |
| **मिथुन** | : परोपकारी र सामाजिक काममा दौडधूप होला । |
| **कर्कट** | : भोगविलास र आनन्दप्रति मन आकर्षण बढ्ला । |
| **सिंह** | : मनोरञ्जन र भेटघाटमा समय व्यतित होला । |
| **कन्या** | : दुरगामी लगानीमा ध्यान पुऱ्याउँदा राम्रो । |
| **तुला** | : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला । |
| **वृश्चिक** | : कामधन्दामा व्यस्त रहने समय योग देखिन्छ । |
| **धनु** | : महत्वकांक्षा नराख्दा नै राम्रो रहने समय छ । |
| **मकर** | : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ होला । |
| **कुम्भ** | : मातृपक्षको सल्लाहले गरिएको कामबाट लाभ । |
| **मीन** | : न्यायिक र प्रशासनिक क्षेत्रबाट लाभ प्राप्त होला । |

# हेटौँडा राप्ति किनारका गोखले बाबा



**स्वामी ध्यान आशिष ओशो सन्यासी**

नेपालको बागमती प्रदेशको राजधानी हेटौँडामा राप्ती नदीको किनारमा एकजना साधु बस्दथे । उहाँको जन्म कहिले भयो भन्ने यथेस्ट प्रमाण फेला परेको छैन । भनिन्छ उनको जन्म मार्ग शुक्ल दत्तात्रेय जयन्तिका दिन भारतको महाराष्ट्र राज्यको रत्नगिर जिल्लामा भएको थियो । उनि गोखले परिवारमा जन्मेको हुनाले उनको नाम नै गोखले बाबा हुन गयो । गोखले उनि धर्मशास्त्र, आयुर्वेद, जडिबुटी तथा संगीत कलाका ज्ञाता थिए । उनले हाल मध्यप्रदेश राज्यमा पर्ने ग्वालियर दरबारमा संगीत सिकाउँदथे ।

ओशो तपोवनका संस्थापक तथा ओशोका अन्तरंग शिष्य स्वामी आनन्द अरुणले गोख्ले बाबालाई ११० वर्षको उमेरमा हेटौँडामा गोख्ले बाबाकै कुटीमा भेटेका थिए । यस पंक्तिकारले स्वामी आनन्द अरुण ज्यु बाट सत्संगको क्रममा गोख्ले बाबाको सम्बन्धमा धेरै पटक सुनेको छ । गोख्ले बाबाले रामकृष्ण, विवेकानन्द, शिवपुरीबाबा र रमण महर्षिलाई भेटेका थिए । स्वामी आनन्द अरुणले ज्युले गोख्ले बाबासंग बिताएका क्षणहरुको आफ्नो पुस्तक सन्त गाथामा बिस्तृत ब्याख्या गरेका छन् । त्यसैगरी उनले ओशो तपोवन काठमाडौंमा र अन्य ठाउँमा हुने ध्यान शिविरहरुमा बेलाबेलामा सत्संगको क्रममा गोख्ले बाबाको बारेमा अत्यन्त आदरका साथ बताउँछन् । चितवनबाट हेटौँडा पुग्नुअघि राप्ति नदीको पुल पारी माथि जंगलमा गोख्ले बाबाको झ्याल र ढोका समेत नभएका अति सामान्य दुइवटा कुटी थिए । आश्रममा सम्पतिको नाममा केहि भाँडाकुँडा, दुइवटा खाट, एउटा छाता, केहि सिसाका ग्लास र केहि कपडामात्र थिए । उनले हेटौँडाका एक किराना पसलेलाई केहि पैसा दिएका थिए र त्यहि पैसाको ब्याज स्वरूप पसलेले उनलाई दाल, चामल, चिनी चियापत्ती लगायत रासन पानी उपलब्ध गराउँदथे । यसरी उनको जिबिका चलेको थियो । कुटिको अगाडि दत्तात्रेयको सानो मूर्ति स्थापित थियो । त्यहाँ उहाँले हरेक दिन दत्तात्रेयको आरती गर्नुहुन्थ्यो । कुटी परिसरमा कुकुरका छाउरा, बाँदर, खरायो आदि खेलिरहन्थे ।

नेपालका राणा प्रधानमन्त्री चन्द्र शमसेर ग्वालियर दरबारमा गएको बेला गोख्ले बाबासँग भेट भएको थियो र चन्द्र शमशेर बाबासँग प्रभावित भई बाबालाई उनले नेपाल आमन्त्रण गरेका थिए । चन्द्र शमशेरको निमन्त्रणालाई स्वीकार गरी गोख्ले बाबा सन् १९२७ मा नेपाल आएका थिए । उनी बाटोमा दिन दुखीहरुको सेवा गर्दै दिल्ली, पटना हुँदै पर्सा जिल्लाको रक्सौलबाट नेपाल छिरेका थिए । उनि रक्सौलबाट अमलेखगंज, हेटौँडा, भीमफेदी, चिसापानीगढी, कुलेखानी, चित्लाङ, चन्द्रागिरी, थानकोट हुँदै काठमाडौं आइपुगे । उनि काठमाडौं आएपछि उनले दरबारमा प्रधानमन्त्री, मन्त्रीहरु, उच्चपदस्थ अधिकारीहरु लाई संगीत सुनाउने, आयुर्वेदिक तरिकाले औषधि उपचार गर्ने अनि संस्कृत पढाउने गर्दथे । उनले बि.सं. १९९० साल माघ २ गते गएको महाभूकम्पमा घाइते र अंगभंग भएका सर्वसाधारण व्यक्तिहरुको सक्रिय रुपले उपचार गरी सेवा गरेका थिए ।

बि.सं. १९९९ को अन्त्यतिर उनि काठमाडौं छोडी मकवानपुरको भीमफेदी आएर बस्न थाले । भिमफेदीको भिमसेनस्थानमा भजन कीर्तन, प्रवचन तथा परोपकारी कामहरु गर्न थाले । त्यसपछि बि.सं. २०२१ सालमा उनि हेटौँडाको राप्ती किनारमा चितवनबाट हेटौँडा जाँदा राप्ति नदीको पुल वारि माथि जंगलमा कुटी बनाएर बस्न थाले । उनले हेटौँडामा युवाहरुलाई पढाउने र औषधि उपचार गरी सेवा गरे । उनी हिन्दु धर्मका प्रकाण्ड विद्वान, कुशल संगीतकार, मिठो स्वरका धनि अनि आयुर्वेदका ज्ञाता थिए । उनले जडिबुटी कुटेर औषधि बनाउँदथे । उनको कुटीमा जाने जो कोहीलाई पनि केहि न केहि खुवाउँदथे । प्रायः उनले कुटीमा आउने व्यक्तिहरुलाई कालो चिया खुवाउँदथे । उनि आफ्नो बारेमा केहि बताउँदैनथे । जीवनका पछिल्ला दिनहरुमा उनको सम्पर्कमा अत्यन्त कम मान्छेहरु आए । उनको जीवन अज्ञात नै थियो । तथापि उनलाई भेट्न दिन दुखिहरु, कहिलेकाही उच्च पदस्थ कर्मचारी, मन्त्रीहरु समेत उनको कुटीमा जान्थे ।

उनि प्रत्येक बिहान घन्टौं साधनामा बस्दथे । उनि प्रत्येक वर्ष शरीरले साथ दिएसम्म वैद्यनाथ धामको यात्रा गर्दथे जहाँ उनलाई आराध्य दत्तात्रेयको सशरीर दर्शन हुन्थ्यो । उनि चतुर्मास र सबै एकादशी तिथिहरुमा निराहार व्रत बस्दथे । उनि २४ घन्टे, ७ दिने, १५ दिने, र एक महिनासम्म पानीमात्र पिएर निराहार व्रत बस्दथे । उनि कहिले दुधले मात्र, कहिले माटो दलेर र कहिले खरानी दलेर नुहाउँदथे । उनको भोजनमा कहिले गहुँको रोटि त कहिले मकैको रोटि हुन्थ्यो । उनि तान्त्रिक विधामा पनि निपूर्ण थिए । उनले बनाएर दिएको जडिबुटीबाट कुष्ठरोग पनि निको भएको उदाहरणहरु थिए । उनले गरिब निमुखाहरूलाई निशुल्क शिक्षा, औषधि उपचार, भोजन र उपदेशहरु दिन्थे ।

गोख्ले बाबाले महान गुरु ओशो प्रति अत्यन्त सम्मान व्यक्त गर्दथे । गोख्ले बाबाले भन्ने गर्दथे, बुद्ध र शंकराचार्य जस्तै ओशो तेजस्वी र प्रज्ञावान हुनुहुन्छ । उनले ओशोका नौला र क्रान्तिकारी विचारसँग पनि आफ्नो पूर्ण सहमति जनाउँदथे । उनका दुई भारतीय भक्त थिए । एकजना बिहार युनिभर्सिटीका अंग्रेजी विभाग प्रमुख र अर्को बङ्गाल पुलिसका एस.पी. । यी दुइजना आफुले भ्याएसम्म छुट्टीमा बाबासँग सतसँग गर्न आइरहन्थे र बाबाको सेवा गर्दथे । उनका ति दुई जना शिष्यहरुका अनुसार बाबाका धेरै सिद्धिहरु थिए ।

बाबा जहिले पनि शान्त र प्रसन्न देखिन्थे । उनि पत्रपत्रिका र पुस्तक नपढेपनि आन्तरिक रुपले घटनाहरु महसुस गर्दथे । गोख्ले बाबाको कोहि गुरु थिएनन् । त्यसैले उनले कुनै गुरुबाट औपचारिक रुपमा सन्यास लिएका थिएनन् । सद्गुरुको सम्बन्धमा गोख्ले बाबाले भन्ने गर्दथे आफुले मात्र खोज्दैमा सदगुरु पाइँदैन । गुरुले पनि शिष्यलाई खोज्यो भने मात्र सद्गुरु पाइन्छ । स्वामी आनन्द अरुणको जिज्ञासामा गोख्ले बाबाले ११८ वर्षको उमेरसम्म निरन्तर साधना पछि पनि आफ्नो मुक्तिको केहि काम बाँकी रहेको कुरा इमान्दारिताका साथ बताउँदथे । उनि भन्ने गर्दथे मैले सद्गुरु नपाएको हुँदा मुक्ति हुन् केहि बाँकी छ ।

स्वामी आनन्द अरुणका अनुसार ओशोले गोख्ले बाबा धेरै नै उच्च कोटिका साधक, इमान्दार र सरल व्यक्ति हुन् भन्नुभएको थियो । गोख्ले बाबाले मृत्युपूर्व निर्वाण प्राप्त गरी शरीर छोडेको कुरा ओशोले स्वामी अरुणलाई बताउनुभएको थियो । हेटौँडामा गोख्ले बाबालाई भेटेका केहि व्यक्तिहरुको जानकारी अनुसार बाबाले सन् १९८९ मा ११८ वर्षको उमेरमा भारतमा शरीर छोडेका थिए ।

यस पंक्तिकार पनि डेढ वर्षअघि हेटौँडा गई ओशो सन्यासी मित्रहरुलाई समेत लिएर खोज्दै खोज्दै गोख्ले बाबाको साधनास्थल पुगेको थिएँ । गोख्ले बाबाको साधनास्थलमा अहिले पौडेल कुलको कुलपुजा हुने गरेको छ र त्यहाँ पौडेल परिवारले सानो कटेज समेत बनाएका छन् । त्यस ठाउँमा अहिले पनि बाबाले सारेका बेलका रुखहरु प्रशस्त छन् । उहाँको स्मृतिमा उहाँको साधनास्थल नजिक सडक छेउमा पूर्व मुख्यमन्त्री डोरमणि पौडेलको प्रयासले सानो गोख्ले प्रतिक्षालय समेत बनेको छ । गोख्ले बाबाले प्रयोग गर्नु भएको कपडा राख्ने बाकस अहिले पनि हेटौँडाका एक ओशो सन्यासीसँग सुरक्षित रहेको छ ।

गोख्ले बाबा एक अद्भुत निर्वाण प्राप्त योगी थिए । अहिले हेटौँडाका ओशो संयासीहरुले गोख्ले बाबाको सम्बन्धमा अत्यन्त चासो लिइरहेका छन् । उहाँको साधनास्थलमा गई बेलाबेलामा ध्यान गर्ने, उहाँको बारेमा चर्चा गर्ने ईत्यादी गरिरहेका छन् । उनीहरु अहिले गोख्ले बाबाको स्मृतिमा त्यहाँ केहि संरचना बनाउन लागी परिरहेका छन् । पूर्व मुख्यमन्त्री डोरमणि पौडेल पनि उहाँको साधनास्थलमा कुनै संरचना बनाउन अग्रसर भइरहनु भएको छ । त्यस्ता महान योगी गोख्ले बाबाको स्मृतिमा उहाँको साधनास्थल हेटौँडामा एक गोख्ले स्मृति ध्यान आश्रम बनाउन सकियो भने गोख्ले बाबाप्रति सम्मान हुनेछ । साथै त्यस्तो गोख्ले ध्यान आश्रम बन्यो भने आध्यात्मिक साधकहरुलाई ठुलो प्रेरणा मिल्नेछ अनि त्यसले हेटौँडाको गौरव समेत बढ्नेछ । मैले अब हेटौँडा राप्ति किनारमा गोख्ले स्मृति ध्यान आश्रम बनाउन बाग्मती प्रदेश सरकार र हेटौँडा उपमहानगरपालिकाले अग्रसरता लिओस् भन्ने कामना समेत गर्दछु । त्यस्ता महान अज्ञात योगी गोख्ले बाबा प्रति हार्दिक नमन । जय होस् !

# देशको अर्थतन्त्रको दुरवस्था



**प्रेमलकुमार खनाल**

विगतमा विदेशी ऋण लिएर जथाभावी परियोजनामा खर्चेर प्रतिफल नआउँदा वैदेशिक र आन्तरिक ऋण २६ खर्ब पुग्यो । विगतको ऋण कहाँबाट कसरी आयो ? कहाँ खर्च भयो ? कति प्रतिफल आयो वा आउनेछ ? कुनै समीक्षा भएको छैन ।

नवउदारवादी अर्थनीति अवलम्बन गरेका देशहरूले अब अनुदानभन्दा ऋण र लगानीमा दातृ समुदायले प्राथमिकता दिन थालेका छन् । यता अब विदेशबाट ऋण नलिने, पाए अनुदान लिने भनेर बहस भएको छ ।

तर, नेपालको राजस्व परिचालन ११ खर्बको हाराहारी मात्रै छ । साधारण प्रशासनिक खर्च भने अब १२ खर्बको हाराहारीमा पुगेको छ । अब देशको विकास खर्चमा स्रोत कसरी परिचालन गर्ने ? यक्ष प्रश्न खडा भएको छ ।

मुलुकमा वार्षिक श्रमबजारमा ५ लाख श्रमशक्ति आउँछन् । तर, उनीहरूलाई सीप, तालिम, स्वरोजगारीका लागि पुँजी प्रवाह गर्ने ठोस योजना र कार्यक्रम छैन । रोजगारी र उत्पादन बढाउने म्यानुफ्याक्चरिङ उत्पादनमूलक उद्योग खडा हुन सकेका छैनन् । बैंकहरूमा ५-६ खर्ब रकम लगानी नभएर तरलताको अवस्थामा छ । बैंकहरूबाट सर्वसाधारण जनताले भन्दा कर्पोरेट हाउस र ठूला ऋणीले ८० प्रतिशतभन्दा बढी कर्जा उपभोग गरेका छन् ।

बजारमा आर्थिक सुस्तता छ । झन्डै ६ खर्ब सरकारी दायित्व भुक्तानी रहेको बताइन्छ । रोजगारी गरिरहेका शिक्षक, स्वास्थ्यकर्मी, नर्स तथा पत्रकारहरू पाँच-छ महिनादेखि तलब सुविधा भुक्तानी पाउन नसकेर आन्दोलित छन् । यस कारणले पनि बजारमा आर्थिक गतिविधि बढ्न सकेको छैन । बजारमा बिचौलिया राजको बिगबिगी छ । तराईका किसानले १० रुपैयाँजतिमा तरकारी, फलफूल बिक्री गर्दा काठमाडौंका उपभोक्ताले ७०-८० रुपैयाँमा खरिद गर्नुपर्ने स्थिति छ ।

१२ कक्षा पढ्नेबित्तिकै विदेश अध्ययन गर्न वार्षिक झन्डै १ लाख विद्यार्थी बिदेसिने र विदेश अध्ययन गर्न झन्डै १ खर्ब रकम बिदेसिने गरेको छ । विदेशी मुद्रा सञ्चिति १८-१९ खर्ब छ । यसको देशभित्र समुचित परिचालन गर्ने योजना बनेको पाइँदैन । अर्थतन्त्रको यस्तो बेहाल अवस्थामा डाक्टर डिल्ली खनाल संयोजक रहेको सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफारिस लागू गरेर सरकारले खर्च कटौतीको योजना घोषणा गर्न सकेको छैन । मन्त्रालयहरू एकआपसमा मर्ज गर्ने, सरकारी सवारी साधन सुविधामा कटौती गर्ने, मन्त्री, जनप्रतिनिधिको तलब सुविधामा कटौती गर्नेजस्ता विषयमा सरकार उदासीन छ ।

बैंकिङ क्षेत्रबाट कर्जा प्रवाह नभएर ५-६ सय अर्ब रकम तरलता भएका कारण हरेक हप्ता नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट खिचिरहेको छ । यता युवा बेरोजगारहरू देशभित्र काम नपाउँदा दैनिक ३ हजारको हाराहारीमा बिदेसिएका छन् । बैंकको कर्जा दर घटेर ६-७ प्रतिशतमा आउँदा पनि बैंकको कर्जा विस्तार खासगरी उत्पादन र रोजगारी विस्तारमा हुन सकेको छैन । अनि फेरि बैंकले दोस्रो त्रैमासमा आइपुग्दा धमाधम मुनाफा कमाइरहेका छन् । आखिर कारण के हो त बैंकले कर्जा विस्तार नगरी मुनाफा कमाउने तरिका ? बैंकले मुनाफा कमाउने यो काइदा विज्ञका अनुसार बैंकहरूले यसअगाडि १२-१३ प्रतिशतमा निक्षेप संकलन गर्थे । अब ब्याजदर घटेर ३-४ प्रतिशत मात्रै तिर्नुपरेपछि बैंकको मुनाफा बढेको हो ।

यस्तो बैंकहरूले मात्रै कमाइ खाने अर्थतन्त्रको यो तरिकाले देशको आर्थिक विकास, उत्पादन वृद्धि, बेरोजगारी कसरी न्यून होला ? गम्भीर प्रश्न खडा भएको छ । सरकारले अहिले नयाँ चरणको आर्थिक सुधार गर्न आयोग गठन गरेको छ । नयाँ चरणको आर्थिक सुधार कस्तो हुन्छ ? प्रश्नचिह्न खडा भएको छ । पहिलो चरणको आर्थिक सुधारले संस्थान, शिक्षा, स्वास्थ्य क्षेत्रमा निजीकरण गऱ्यो । उत्पादन र रोजगारी बढाएन ।

परिणामस्वरूप झन्डै ८०-९० लाख मानिस कामको खोजीमा विदेश भौंतारिनुपरेको छ । व्यापार घाटा १७-१८ खर्ब पुगिसक्यो । बैंकहरू खुले, तर ८० प्रतिशत कर्जा प्रवाह ठूला करपोरेट हाउस र व्यापारिक घरानामा केन्द्रित भएको छ । सहकारीहरु खुले, तर सहकारीले वाणिज्य बैंककै भाइभैँ ऋण कारोबार गरेर झन्डै २ सय अर्ब बचतकर्ताको रकम राजनीतिक पहुँच, शक्तिको आडमा हिनामिना भएको छ ।

साधारण खर्च धान्न, विदेशबाट ल्याएको साँवाब्याज तिर्न पनि फेरि ऋण लिनुपर्ने स्थितिमा सरकार पुगेको छ ।

*...बाँकी पृष्ठ ३ मा*

# अचेत भेटिएका पासवानको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको खैरहनी नगरपालिका-७, सुर्तानामा अचेत अवस्थामा फेला परेका ३० वर्षीय आशा पासवानको मृत्यु भएको छ। बारा जिल्ला घर भई सुर्तानास्थित गाई फर्ममा काम गर्ने पासवान आइतबार आफ्नै कोठामा सुतेको अवस्थामा मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। सोमबार बिहान १० बजे अचेत अवस्थामा फेला परेका पासवानलाई उपचारका लागि सरकारी अस्पताल भरतपुर लगिएकोमा बिहान १० बजेर ४५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। अनुसन्धानको क्रममा मृतक पासवानले अत्यधिक मादक पदार्थ सेवन गरेको पाइएको प्रहरीले जनाएको छ।

# जेसिआई हेटौंडा लेडीको अध्यक्षमा अस्मिता

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडा लेडीको वर्ष २०२५ को अध्यक्षमा अस्मिता न्यौपाने सर्वसम्मत निर्वाचित हुनुभएको छ। बुधबार हेटौंडामा भएको निर्वाचनबाट न्यौपानेको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति चयन भएको हो।

जेसीजको कार्यकारिणी उपाध्यक्षमा पुजा बस्नेत र ईन्दु बानियाँ सर्वसम्मत चयन हुँदा उपाध्यक्षमा प्रतिमा बर्तौला, दिप्ति अधिकारी, आयुषा फुयाल र अस्मिता श्रेष्ठ सर्वसम्मत निर्वाचित हुनुभएको छ। नवनिर्वाचित समितिको पदस्थापन समारोह केही दिनभित्रै हुनेछ। जेसीआई हेटौंडा लेडीकी अध्यक्ष सजिता केसी, पूर्वअध्यक्ष रश्मि बस्नेत, सुशीला पौडेलको उपस्थितिमा निर्वाचन कार्यक्रम भएको हो।

# *देशको अर्थतन्त्र...*

साधारण खर्च कटौती नगरी अर्थतन्त्रले धान्न सक्तैन। ३५-४० हजार राजनीतिक कार्यकर्ता (जनप्रतिनिधि, राजनीतिक नियुक्तिका मानिस) लाई पालनपोषण गर्न तलबभत्ता सुविधा, सवारी साधन, मर्मत-सम्भार खर्च धान्नै नसक्ने स्थिति छ। केन्द्रमा १०-१५ वटा र प्रदेशमा ३-४ वटा मन्त्रालय भए पुग्नेमा १४-१५ वटा मन्त्रालय बनाएर राज्यकोषबाट मान, सम्मान र सुविधा दिलाउने काम भएको छ।

अर्थतन्त्रमा देखा परेका यी सबै नवउदारवादी अर्थनीतिका दुष्परिणाम हुन्। अब फेरि दोस्रो चरणको आर्थिक सुधारका लागि नवउदारवादकै हिमायतीहरुबाट कसरी आर्थिक सुधारको सही प्रतिवेदन तयार होला ? अब समाजवादी अर्थनीतिका साथ मुलुकको आर्थिक विकास गर्नुपर्ने खाँचो छ।

अहिले फेरि गलत भाष्य निर्माण हुँदै छ, 'रोजगारी सिर्जना सरकारले गर्ने होइन, निजी क्षेत्रले गर्ने हो, दिने हो।' अहिलेको नवउदारवादी अर्थनीतिले निजी क्षेत्र उत्पादन बढाउने, रोजगारी बढाउने म्यानुफ्याक्चरिङ उद्योगमा जान लालायित छैन। निजी क्षेत्र व्यापार गरेर छिटोछिटो मुनाफा कमाउन लालायित हुन्छ। अनि स्कुल, कलेज, नर्सिङ होम आदिमा जति पनि लगानी गर्न तयार छ। तर, उत्पादनमूलक उद्योगमा जान लालायित छैन। अहिले सरकारचाहिँ देशभित्र आर्थिक लगानी वृद्धि गरेर राजस्व परिचालन गर्नपट्टि भन्दा विदेशबाट आयात गरिने वस्तुमा भन्सार महसुल लगाएर राजस्व परिचालन गरिरहेको छ। अर्थात् राजस्वको संरचनामा भन्सार महसुलकै बाहुल्यता छ। देश आत्मनिर्भर नहुने, व्यापारघाटा हुने, रोजगारी विस्तार नहुने, आयातित वस्तु महँगो हुने (महँगो सुन आयातले) र देशको अर्थतन्त्र डुबाएको छ। यस्तो स्थितिमा पनि निजी क्षेत्रमा नै रोजगारी छ। तर, त्यो रोजगारी फलदायी छैन। न्यूनतम तलब सुविधा, सामाजिक सुरक्षाको अभावमा श्रमिकहरु काम गर्न बाध्य छन्।

अर्थतन्त्रको यो दुरवस्थाको अन्त्य गर्न जरुरी छ। रोजगारी निजी क्षेत्रमा नै हुन्छ भनेर सरकार रमिते बन्नु हुन्न। सरकार र निजी क्षेत्रले गर्ने लगानीका क्षेत्र छुट्ट्याउनुपर्छ र लगानीको क्षेत्रमा अब व्यापक सुधार गर्नुपर्छ। स्कुल, कलेज, नर्सिङ होम निजी क्षेत्रले खोल्ने होइन, यो सरकारको दायित्व हो। यस क्षेत्रमा निजी क्षेत्रले गरेको लगानीलाई अब उत्पादन वृद्धि गर्न म्यानुफ्याक्चरिङ उद्योग खोल्न सिफ्ट गर्नुपर्छ र निजी क्षेत्रले उत्पादन गरेको वस्तुको सरकारले बजारको ग्यारेन्टी गर्नुपर्छ। उदाहरणार्थ जुत्ता, कपडा, खाद्य पदार्थ, सिमेन्ट, आदि वस्तुको बजारको ग्यारेन्टी सरकारले गर्नुपर्छ।

सरकार आफैंले प्रदेश र स्थानीय सरकारलाई सहभागी गराएर बेरोजगारका लागि रोजगारी सृजना गर्न ५-७ खर्बको राष्ट्रिय रोजगारी विकास कोष खडा गर्नुपर्छ र बेरोजगारलाई सीप विकास तालिम प्रदान गरेर यही कोषबाट अत्यन्तै सस्तो दरको पुँजी कर्जा उपलब्ध गराई स्वरोजगार बनाउनुपर्छ। यो सरकारको दायित्व नै हो। यसरी स्वरोजगारी भएर उद्यम-व्यवसाय गर्नेहरूले उत्पादन गरेको वस्तुको बजारको सुनिश्चितता गर्न सहकारीमूलक खरिद-बिक्री केन्द्र पालिका हुँदै वडा तहसम्म स्थापना गर्नुपर्छ।

*(स्रोतः कारोबारदैनिक)*


## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ।



- **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका।
- **अनुभव** : आवश्यक छैन।
- **काम** : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने।
- **आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला।**

**सेवा सुविधाहरू**

- तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
- अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ।

**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६**

**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**



## बीमालेख हराएको सूचना

यहि मिति २०८१ साल मंसिर २८ गते हेटौंडा बजारबाट मेरो निम्न व्हहोरा भएको बीमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना तथा सम्पर्क नम्बरमा जानकारी गराई दिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**बीमा कम्पनीको नाम**: सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेड
**बीमालेख दाताको नाम**: सशीता दंगाल
**ठेगाना**: हेटौंडा–९
**बीमालेख नम्बर**: ३०४००००१२१२
**सम्पर्क नम्बर**: ९८५५०३६०३३


# हेटौंडा-९ मा खुला व्यायामशाला सञ्चालन



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-९, प्रगतिशील टोलको बाल उद्यानमा खुल्ला व्यायामशाला सञ्चालनमा आएको छ। बुधबार वडा अध्यक्ष सुकराम केसीको उपस्थितिमा दिव्य बाल उद्यानमा प्रगतिशील खुला व्यायामशाला सञ्चालनमा आएको हो।

९ नम्बर वडा कार्यालयको ७ लाख रुपैयाँ बजेटमा व्यायामशाला सञ्चालनमा आएको वडाध्यक्ष सुकराम केसीले जानकारी दिनुभएको छ। १० प्रकारको विभिन्न उपकरण र व्यवस्थित ढलानसहित व्यायामशाला निर्माण गरिएको उहाँले बताउनुभयो। वडामा ५ वटा खुल्ला व्यायामशाला बनाउने योजना रहेको बताउनुहुँदै अध्यक्ष केसीले यसअघि हेटौंडा औद्योगिक क्षेत्रको खेलमैदानमा एउटा व्यायामशाला निर्माण गरिएको बताउनुभयो। प्रगतिशील टोलमा दोस्रो खुला व्यायामशालाको निर्माण गरिएको उहाँले जानकारी दिनुभयो।

गत मंसिर १८ गतेबाट व्यायामशालाको निर्माण कार्य सुरु गरिएकोमा पुस ३ गते सम्पन्न भएको उहाँले बताउनुभयो। निःशुल्क रुपमा सेवा लिन पाउने गरी सञ्चालनमा आएको व्यायामशालामा दैनिक १ सय जनाले सेवा लिन सक्ने उहाँले प्रष्ट पार्नुभयो। उद्घाटन कार्यक्रममा प्रगतिशील टोल विकास संस्थाका अध्यक्ष जयराम खतिवडाको सभाध्यक्षमा भएको हो।

# घाइते न्यौपानेको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, रजतजयन्तीचोकमा ट्रकले किच्दा घाइते भएका हेटौंडा-१, चौकीटोलका ३३ वर्षीय कृष्ण न्यौपानेको उपचारको क्रममा मृत्यु भएको छ। सोमबार दिउँसो ३ बजेर १० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-४, रजतजयन्तीचोकमा ना ६ ख ३३७६ नम्बरको ट्रकले किच्दा न्यौपाने गम्भीर घाइते भएका थिए।

घाइते न्यौपानेको हेटौंडा अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि मंगलबार दिउँसो ४ बजे नारायणी संघको समन्वयमा ऐलाईफ अस्पताल भरतपुर लगिएको थियो। न्यौपानेको मंगलबार बिहान ७ बजेको समयमा उपचारको क्रममा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। अनुसन्धानको क्रममा न्यौपाने बजार क्षेत्रमा मजदुरी गरी बजार क्षेत्रमै खाने बस्ने गरेको पाइएको छ। ट्रक र ट्रक चालक पर्सा जिल्लाको जिराभवानी गाउँपालिका-९, शंखरसरैयाका ४९ वर्षीय सुखाडी भैयालाई प्रहरीले नियन्त्रणमा लिएको छ।


## सञ्चालनमा आयो

**पशुपति ईभी चार्जिङ स्टेशन**

हेटौंडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



**६ वटा चार्जिङ युनिटसहित**

सम्पर्कः ९८५५०६८८७३



## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

**खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७


# चोरी भएका २ वटा मोटरसाईकल भेटियो

समाज संवाददाता

हेटौंडाः चोरी भएका २ वटा मोटरसाइकल मकवानपुर प्रहरीले फेला पारेको छ। गत कात्तिक ३० गते काठमाडौंबाट चोरी भएको २०० सिसिको केटिएम ड्युक मोटरसाइकल र २०७९ माघ १० गते भक्तपुरबाट चोरी भएको पल्सर मोटरसाइकल मकवानपुर प्रहरीले फेला पारेको हो।

भक्तपुर जिल्लाको चागुनारायण-६ का ३८ वर्षीय शोक बहादुर लामाको बा प्र ०२-०५० प ६०१४ नम्बरको मोटरसाइकल फेला पारेर प्रहरीले मंगलबार फिर्ता गरिदिएको छ। काठमाडौं सरस्वतीनगरबाट गत कात्तिक ३० गते चोरी भएको मोटरसाइकल मकवानपुरमा बेवारिसे अवस्थामा फेला पारेको प्रहरीले जनाएको छ।

यस्तै २०७९ माघ १० गते भक्तपुर जिल्लाको भक्तपुर-७ का ३६ वर्षीय सरुप धौभँडेलले आफ्नै घर अगाडि पार्किङ गरेर राखेको प्र २-०३-००२ प २४६८ नम्बरको २०० सिसिको पल्सर मोटरसाईकल चोरी भएको थियो। उक्त मोटरसाइकल खोजतलास गर्ने क्रममा मकवानपुरमा फेला पारिएको थियो। प्रहरीले चोरी गर्ने व्यक्ति भने पहिचान गर्न र पक्रन सकेको छैन।


## "भविष्यको लागि जीवन बीमा गरी निश्चिन्त हुनुहोस्।"

*"भविष्यको लागि जीवन बीमा गरी निश्चिन्त हुनुहोस्।"*

**हाम्रा सेवाहरू :-**

सावधिक जीवन बीमा, सावधिक (दोहोरो दुर्घटना लाभ समेत), बालबच्चाको शिक्षा तथा विवाह, जीवन साथी, जीवन सुरक्षा, म्यादी (मेरो जीवन बीमा र हाम्रो जीवन बीमा) र सामूहिक सावधिक जीवन बीमा।

**(राष्ट्रसेवक समेत)।**

**"बीमाको क्षेत्रमा विश्वसनीय नाम"**

**राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड**

**Rastriya Jeewan Beema Company Limited**

प्रधान कार्यालयः– रामशाहपथ, काठमाडौं, फोन नं. ०१–५३६२५२०
ईमेलः– info@rbs.gov.np, वेभसाईटः– www.rbs.gov.np


## युवा स्वरोजगार सहयोग कार्यक्रममा प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१।०९।०४ गते)*

हेटौंडा उपमहानगरपालिकाको चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत युवा स्वरोजगार सहयोग कार्यक्रम (वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई समेत) संचालन गर्ने सम्बन्धमा यस वडा कार्यालयको मिति २०८१।०८।१९ गतेको निर्णयानुसार यस वडा क्षेत्र भित्रका युवा, वैदेशिक रोजगारबाट फर्किएका युवा, उद्यमी, समूह तथा सहकारी संस्थाहरुहरुलाई स्वरोजगारमूलक कार्य गर्न लागत सहभागितामा आधारित अनुदान उपलब्ध गराउने सम्बन्धमा तपसील बमोजिम शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस वडा कार्यालयमा कार्ययोजना प्रस्तावनासहित आवेदन पेश गर्नुहुन सम्बन्धित् सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहायः**

| क्र. सं. | कार्यक्रमको नाम | विनियोजित बजेट रकम | साझेदारको लागत सहभागिता (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|
| ०१ | युवा स्वरोजगार कार्यक्रम (वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई समेत) | ५ लाख | ३० देखि ५० प्रतिशतसम्म | |

**शर्तहरूः**

- वडा नं. १६ भित्रका युवा, वैदेशिक रोजगारबाट फर्किएका युवा, उद्यमी, समूह तथा सहकारी संस्थाहरु आवेदक हुन सक्नेछन्।
- लागत सहभागिता सम्बन्धमा वडा समितिको निर्णयानुसार कम्तीमा ३० प्रतिशत र बढीमा ५० प्रतिशत रकम प्रस्तावकले व्यहोर्नुपर्नेछ।
- प्रस्तावक समूह तथा सहकारी भएमा न्यूनतम १० जनालाई स्वरोजगार बनाउने प्रतिबद्धता प्रस्तावना हुनुपर्ने।
- साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमका लागि अन्य कुनै सरकारी निकायबाट दोहोरो सुविधा नलिएको हुनुपर्नेछ।
- साझेदारले अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा, दोहोरो अनुदान लिएको पाइएमा प्रचलित कानून बमोजिम असुलउपर गरिनेछ।
- अनुदान एक वा एक भन्दा बढी प्रस्तावकलाई दिने वा नदिने सम्बन्धमा वडा समितिले तोके बमोजिम हुनेछ र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरूः**

- आवेदक व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि, र अन्यको हकमा दर्ता तथा नवीकरणका कागजातहरुको प्रतिलिपि
- साझेदार संस्था भएमा सम्बन्धित् संस्थाको निर्णय
- कार्यक्रमसँग सम्बन्धित् प्रस्तावना

**हेटौंडा उपमहानगरपालिका**
**१६ नं. वडा कार्यालय**
**हेटौंडा, मकवानपुर**

# हार्दिक श्रद्धाञ्जली



जन्म :
२०१३/०७/२०

स्व. नरेन्द्रकुमार श्रेष्ठ

स्व. :
२०८१/०८/२५

हाम्रा आत्मीय मित्रहरु नितेश श्रेष्ठ, रितेश श्रेष्ठ र दिपेश श्रेष्ठका परमपुजनीय पिता श्री **नरेन्द्रकुमार श्रेष्ठ**को २०८१ साल मंसिर २५ गतेका दिन असामयिक स्वर्गारोहणको खबरले हामी मर्माहत भएका छौं । बुबाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । यस दुखद् घडीमा शोकसन्तप्त परिवारमा धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

## साथीहरु

ढुवेश श्रेष्ठ
विक्रम चौरेल
सरोज कार्की
विनोद अधिकारी
सुभास इटेनी
निराजन मैनाली
आशिष पौडेल

विनोदकुमार बानियाँ
शुलभराज उप्रेती
राजन घिमिरे
उत्तम साह
सुजन बैजु
पुष्पराज अधिकारी
पुष्कर मैनाली

# हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ